Janata Bank Nepal Ltd.
जनता बैंक नेपाल लिमिटेड

# जनता बैंक नेपाल लिमिटेड

# को

# सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७४

(मिति २०७४ मंसिर २९ गते शुक्रबार बसेको संचालक समितिको २४० औं बैंठकबाट पारित)

# जनता बैंक नेपाल लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७४

जनता बैंक नेपाल लिमिटेडको मिति २०७४।०८।२९ मा बसेको संचालक समितिको २४० औं बैठकले सो बैंकको नियमावलीको नियम २७ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी बैंकको संचालक निर्वाचनको प्रयोजनका लागि देहायका निर्देशनहरु बनाएकोछ ।

१. **नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका जनता बैंक नेपाल लिमिटेडको संचालक समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :

(क) "ऐन" भन्नाले कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ संझनु पर्छ ।

(ख) "बैंक" भन्नाले जनता बैंक नेपाल लिमिटेड सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले बैंकको नियमावली सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७४ सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले बैकको संचालक समिति सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(छ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले स्वतन्त्र सञ्चालक समेतलाई जनाउंछ ।

(ज) "शेयर" भन्नाले बैंकको शेयर पूंजीको विभाजित अंश सम्झनु पर्छ ।

(झ) "शेयरधनी" भन्नाले बैकको शेयर लगत दर्ता किताबमा नाम दर्ता भएको शेयरधनी सम्झनु पर्छ ।

(ञ) "निर्वाचन अधिकृत" भन्नाले सञ्चालक निर्वाचनको लागि समितिद्वारा नियुक्त गरिएको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(ट) "मतदाता" भन्नाले बैंकको मतदाता सूचीमा नाम समावेश भएको शेयरधनी सम्झनु पर्छ र सो शब्दले त्यस्तो शेयरधनीले रितपूर्वक मुकर्रर गरेको प्रतिनिधी समेतलाई जनाउंछ ।

(ठ) "मतपत्र" भन्नाले संचालक निर्वाचनका लागि प्रयोग हुने अनुसूची ११ मा तोकिए बमोजिमका मतपत्र सम्झनु पर्छ ।

(ड) "मतदान केन्द्र" भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको ठाउँ सम्झनु पर्छ ।

(ढ) "साधारण सभा / सभा " भन्नाले शेयरधनीहरुको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्छ ।

(ण) "प्रतिनिधी (प्रोक्सी)" भन्नाले शेयरधनीले साधारण सभामा वा संचालक निर्वाचनका लागि सो सभामा भाग लिन आफ्नो सट्टामा रीतपूर्वक मुकर्रर गरेको प्रतिनिधी सम्झनु पर्छ।

(त) "कम्पनी सचिव" भन्नाले बैंकको कम्पनी सचिव सम्झनु पर्छ।

(थ) "कार्यालय" भन्नाले बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय संझनु पर्छ।

(द) "अनुसूची" भन्नाले यस निर्देशिकामा उल्लेखित अनुसूची सम्झनु पर्छ।

३. <u>निर्वाचन अधिकृतको नियुक्ति</u> :

ऐन, बैंकको प्रबन्धपत्र, नियमावली तथा यस निर्देशिकाको अधिनमा रही बैकको संचालकको निर्वाचन गर्ने प्रयोजनको लागि समितिले बैंकको कामसंग प्रत्यक्ष सम्बन्ध स्वार्थ नवाझिने कानून व्यवसायीलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नेछ र निजको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) निर्बाचन कार्यक्रम प्रकाशित गर्ने।

(ख) मतदाता नामावली प्रकाशित गर्ने।

(ग) मतदाता नामावलीमा दावी, बिरोध उपर छानबिन गरी निर्णय दिने।

(घ) मतदाताको अन्तिम नामावली प्रकाशित गर्ने।

(ङ) प्राप्त भएका प्रतिनिधि (प्रोक्सी) फाराम दर्ता गर्ने।

(च) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने।

(छ ) उम्मेदवारको नामावली प्रकाशन गर्ने।

(ज) उम्मेदवारको बिरोधमा उजुरी लिने।

(झ) उम्मेदवारको दावी, बिरोध उपर छानबिन गरी निर्णय दिने।

(ज) उम्मेदवारको नाम फिर्ता दिने।

(ञ) उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने।

(ट) प्रतिनिधि (प्रोक्सी) फाराम छानबिन गरी सदर वा बदर गर्ने।

(ठ) मतदानको समय र स्थान तोक्ने।

(ड) तोकिएको ढांचामा मतपत्र छाप्ने छपाउने।

(ण) मतपत्रमा सही गर्ने। (जसमा दस्तखतको रुपमा छाप समेत प्रयोग गर्न सकिनेछ )

(त) मतपत्र गणना गर्ने।

(थ) मतपत्र सदर /बदर गर्ने।

(द) निर्वाचन परिणाम घोषणा गर्ने।

(ध) यस निर्देशिकामा उल्लेखित तथा निर्वाचन सम्बन्धी भैपरिआउने अन्य सम्पूर्ण काम कुराहरु गर्ने, गराउने।

४. <u>निर्वाचन कार्यक्रमको प्रकाशन :</u>

(१) निर्वाचन अधिकृतले मतदान केन्द्र, मतदान हुने मिति र मतदान हुने समय सहितको निर्वाचन सम्बन्धी कार्यक्रम अनुसूची - १ को ढाचांमा निर्वाचन हुने मिति भन्दा कम्तिमा १५ दिन अघि प्रकाशित गर्नु पर्नेछ । निर्वाचन अधिकृतले निजलाई बैंकले उपलब्ध गराएको सूचना पाटीमा सबैले देख्ने गरी उक्त सूचना टांस गर्नु पर्नेछ ।

५. **<u>मतदाता तथा प्रतिनिधि (प्रोक्सी) सम्बन्धी व्यवस्था :</u>**

(१) साधारण सभा प्रयोजनका लागि शेयरधनीको दर्ता किताब बन्द हुने दिनमा बैंकको शेयरमा स्वामित्व भई शेयरधनीको दर्ता किताबमा नाम दर्ता भएको र सो शेयरको बैंकले माग गरेको रकम चुक्ता गरेको शेयरधनी मतदाता हुनेछन् ।

(२) बैंकको नियमावलीमा व्यवस्था भएबमोजिम समुहगत (संस्थापक समूह “क” र सर्वसाधारण शेयरधनी समुह “ख” भित्रबाट संचालकको निर्वाचन हुने व्यवस्था भए बमोजिम त्यस्तो समुहगत आधारमा संचालक निर्वाचित हुने गरी मतदाता नामावली तयार गरिने छ ।

(३) शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्दा बैंकको अर्को कुनै शेयरधनीलाई मात्र गर्नु पर्नेछ र निजले आफ्नो र प्रोक्सी दिने शेयरधनीको तर्फबाट समेत प्रतिनिधि भै मतदान गर्न पाउनेछ ।

तर यस्तो प्रोक्सी दिंदा आफू संस्थापक समुहको भए संस्थापक समुहको अर्को शेयरधनीलाई र सर्वसाधारण समुहको भए सर्वसाधारण समुहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन सकिने छ । तर संगठित संस्था शेयरधनीले प्रोक्सी दिन पाईने छैन ।

(४) एकभन्दा वढी व्यक्तिहरुले साझा गरी शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिनको लागि त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको कुनै एक साझेदारले वा निजले बुँदा नं (३) वमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो वमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता कितावमा उल्लेखित साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ ।

(५) एकजना प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा वढी हुने छैन । अधिकतम शेयर हिस्सा अर्थात् चुक्ता पूंजीको १५ प्रतिशत भन्दा बढी हुने छैन ।

(६) प्रतिनिधी पत्र (प्रोक्सी फारम) सभा सुरु हुनु भन्दा न्यूनतम १२० घण्टा अगावै बैंकको शेयर रजिष्ट्रार काठमाडौं क्यापिटल लिमिटेड, काठमाडौंप्लाजा, कमलादी वा निर्वाचन अधिकृतले तोके

बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । निर्वाचन कार्यक्रम प्रकाशित भए पछि यस्तो प्रतिनिधी पत्र (प्रोक्सी फारम) को दर्ता खुल्ला गरिनेछ ।

(७) शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

(८) एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, पहिला दिएको प्रतिनिधि पत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिईएको प्रतिनिधी पत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्र साथ प्रतिनिधी पत्र (प्रोक्सी फाराम) दर्ता गर्न ल्याएमा भने छुट्टै पत्र साथ प्राप्त पछिल्लो प्रतिनिधी पत्र (प्रोक्सी फाराम) लाई मान्यता दिईनेछ ।

(९) उपदफा (८) बमोजिम नियुक्त गरिसकेको प्रोक्सीलाई रद्द गरी अर्को मुकरर गर्न चाहेमा सो लिखित सूचना सभा हुनु भन्दा १२० घण्टा अगावै बैंकको केन्द्रिय कार्यालय वा शेयर रजिष्टारको कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

(१०) प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी सभाको काम कारवाहि शुरु हुनु भन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(११) नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट बैंकको शेयर दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता रहेको व्यक्तिले निजहरुको तर्फबाट सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न पाउनेछ ।

(१२) कुनै सञ्चालकलाई बैंकको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

(१३) अनुसूची २ बमोजिमको प्रतिनिधि पत्र (प्रोक्सी फाराम) यो निर्देशिकाको प्रयोजनका लागि मान्य हुनेछ । फोटो कपी भएको, इमेल वा फ्याक्स मार्फत प्राप्त भएको प्रोक्सी फारामलाई स्वीकार गरिने छैन । कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ बमोजिम तोकिएको ढाँचा अनुसार वा अनुसूची २ बमोजिमको नमूना अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी फाराम) मात्र यो निर्देशिकाको प्रयोजनका लागि मान्य हुनेछ । फोटो कपी भएको, इमेल वा फ्याक्स मार्फत प्राप्त भएको प्रोक्सी फाराम मान्य हुने छैन ।

(१४) प्रोक्सी पाउने सम्बन्धित शेयरधनी बाहेक अरु कसैलाई पनि कसको कति प्रोक्सी सदर बदर भएको छ भन्ने वारेमा जानकारी दिइने छैन ।

६.	**<u>मतदाता नामावलीको प्रकाशन, दावि विरोध र निर्णय</u> :**

(१)	निर्वाचन अधिकृतले कम्पनी सचिव मार्फत प्राप्त मतदाता नामावली विवरणलाई यकिन गरी बैंकको केन्द्रिय कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयमा अनुसूची - ३ परिशिष्ट (क) वमोजिमको ढांचामा निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र प्रकाशित गर्नेछ ।

(२)	उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा कारण सहित तोकिएको म्यादभित्र दावी विरोध गर्न सकिनेछ । यस्तो दावी विरोध उपर निर्वाचन अधिकृतले आवश्यक निर्णय गरी अनुसूची ३ परिशिष्ट (ख) बमोजिमको ढांचामा अन्तिम मतदाता नामावली प्रकाशित गर्नेछ ।

(३)	उपदफा (२) अनुसार प्रकाशित मतदाता सूचीमा नाम समाविष्ट भएका मतदातालाई मात्र उम्मेदवार हुने, प्रस्तावक वा समर्थक हुने र मतदानमा भाग लिने अधिकार हुनेछ ।

(४)	शेयरधनी नै नभएको व्यक्ति मतदाता सूचीमा समावेस भएको वा सेयर संख्या अर्थात् मताधिकार घटी वा बढी उल्लेख भएको देखिएमा कुनै पनि शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र निर्वाचन अधिकृत समक्ष दावी विरोध गर्न सक्नेछ ।

(५)	उपदफा (४) वमोजिम परेको दावी विरोधका सम्बन्धमा निर्वाचन अधिकृतले उपयुक्त सम्झेको कार्यविधि अपनाई जांचबुझ गरी गरेको निर्णय अन्तिम हुनेछ ।

(६)	यस निर्देशिकाको प्रयोजनका लागि “मतदाता नामावली प्रकाशन” भन्ने बाक्यांशको अर्थ गर्दा अनुसूची ३ बमोजिमको मतदाता नामावलीको विवरणलाई टाईप गरी छपाई गरिएको आकारमा वा सोको इलेक्ट्रोनिक कपी सबैले हेर्न सक्ने व्यवस्था मिलाउने कार्य समेतलाई समेट्ने गरी ब्याख्या गर्नु पर्नेछ ।

७.	**<u>मतदाता नामावली हेर्न र सार्न दिने</u> :**

कुनै मतदाताले अनुसूची - ३ वमोजिम प्रकाशित मतदाता नामावली हेर्न र सार्न चाहेमा बिगार्न, केरमेट गर्न नपाउने गरी हेर्न र सार्न दिनु पर्छ । मतदाता नामावलीको प्रति उपलव्ध गराउन माग भएमा प्रतिपृष्ठ रु. १०।- का दरले वा इलेक्ट्रोनिक कपी वापत एकमुष्ठ रु २५००।- शुल्क लिई उपलब्ध गराइने छ ।

८.	**<u>उम्मेदवारको योग्यता</u> :**

बैंकले शेयर वापत माग गरेको रकम सम्पूर्ण चुक्ता गरेको, नियमावली (प्रस्तावित संशोधन)को नियम २८ मा उल्लेख भए बमोजिमको संख्यामा आफ्नो नाममा शेयर लिएको, कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ ले सञ्चालक हुन बन्देज नगरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशनले निर्धारण गरे बमोजिम योग्यता पुगेको शेयरधनी मात्र सम्बन्धित समूहको संचालक पदको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ ।

९.	**<u>उम्मेदवारको दरखास्त</u>:**

(१)	नियमावली(प्रस्तावित संशोधन)को नियम २७ (२) बमोजिम निर्वाचित हुने पदको लागि बैंकको

प्रत्येक शेयरधनीले संस्थापक शेयरधनीले संस्थापक समुहबाट र सर्वसाधारण शेयरधनीले सर्वसाधारण समुहबाट मात्र संचालक पदका लागि उम्मेदवार हुन पाउने छन् । उम्मेदवारीको दरखास्त अनुसूची - ४ को ढांचामा पेश गर्नु पर्नेछ ।

(२) संचालक पदको उम्मेदवारी हुन आफनै समूहको शेयरधनी मध्येवाट एक जना प्रस्तावक र एक जना समर्थक आवश्यक पर्नेछ । एक जना उम्मेदवारको प्रस्तावक र समर्थकले सो निर्वाचनमा अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न पाउने छैन । निर्वाचन अधिकृतले उम्मेदवारी दरखास्तको दर्ता किताब खडा गर्नुपर्नेछ । यसमा दरखास्तको दर्ता नम्बर, उम्मेदवार, प्रस्तावक तथा समर्थकको नाम र शेयर प्रमाणपत्र नम्बर वा शेयरधनी नम्बर वा BOID No समेत खुलाउनु पर्नेछ । दर्ता किताब हेर्न चाहने जुनसुकै शेयरधनीलाई हेर्न दिईनेछ ।

१०. **उम्मेदवारको दरखास्त रद्ध हुने** :

देहायको रित नपुगेको उम्मेदवारको दरखास्त रद्द हुनेछ :

(क) बैंकले शेयर वापतको भुक्तानी माग गरेको रकम उम्मेदवारले चुक्ता नगरेको देखिएमा ।

(ख) प्रस्तावक र समर्थक हुने शेयरधनीले बैंकले शेयर वापतको भुक्तानी माग गरेको रकम चुक्ता नगरेको देखिएमा ।

(ग) प्रस्तावक र समर्थक बैंकको शेयरधनी नभएमा वा नरहेमा ।

(घ) उम्मेदवारको आफ्नै नाममा नियमावलीले तोके बमोजिमको शेयर संख्या नभएमा ।

(ङ ) यस निर्देशिकाको बुँदा नं ८ अनुसारको योग्यता नभएको आधारमा सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणीत भएमा ।

(च) निर्वाचन अधिकृतले प्रकाशित सूचनामा तोकिदिएको कुनै शर्त पुरा नगरेको भएमा ।

११. **उम्मेदवारको नामावली प्रकाशन** :

निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र दर्ता भएका उम्मेदवारको दरखास्तको जांचवुझ गरी अनुसूची -५ को ढांचामा उम्मेदवारको प्रथम नामावली प्रकाशन गरिनेछ ।

१२. **उम्मेदवारको दरखास्त उपर दावी विरोध** :

(१) दफा ११ वमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा समावेश भएका उम्मेदवारको योग्यता तथा रीत नपुगेको दरखास्तको सम्बन्धमा अन्य कुनै उम्मेदवार वा शेयरधनीले अनुसूची -६ को ढांचामा दावी विरोध गर्न सक्नेछन् ।

(२) उपदफा (१) वमोजिम दावी विरोध परेमा सम्वन्धित उम्मेदवारलाई सफाईको मौका दिई छानविन गरी निर्वाचन अधिकृतले अनुसूची - ७ वमोजिम निर्णय दिनेछ । निजको निर्णय अन्तिम मानिनेछ ।

१३. **नाम फिर्ता लिने** :

(१) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रममा तोकिएको अवधिभित्र आफ्नो नाम फिर्ता लिन अनुसूची - ८ वमोजिमको ढांचामा निर्वाचन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारीबाट नाम फिर्ता लिने सिलसिलामा उम्मेदवार स्वंयम उपस्थित भई वा प्रतिनिधिद्वारा निर्वाचन अधिकृत समक्ष दरखास्त दिन सकिनेछ । यस्तो दरखास्त पेश भएपछि निर्वाचन अधिकृतले निजको नाम उम्मेदवारको सूचीवाट कट्टा गरिदिनु पर्छ ।

(३) अध्यक्षले अनुमति दिएमा उपदफा (१) मा उल्लेखित अवधिपछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

**१४. उम्मेदवारको अन्तिम नामावली प्रकाशित :**

दफा १२ र १३ को प्रकृया समाप्त भएपछि प्रकाशित निर्वाचन कार्यक्रम वमोजिम उम्मेदवारको अन्तिम नामावली अनुसूची -९ को ढांचामा बैंकको रजिष्टर्ड कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ ।

**१५. निर्विरोध घोषित गर्ने :**

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा बढी नभएमा सो व्यहोरा साधारण सभामा पनि निर्वाचन अधिकृत वा निजको वारसद्वारा घोषणा गरिने छ ।

**१६. वारेस (प्रतिनिधि) राख्न पाउने :**

(१) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा आफ्नो प्रतिनिधि राख्न चाहेमा अनुसूची -१० को ढांचामा वारेस राख्नका लागि निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) प्रत्येक उम्मेदवारले मतदान केन्द्र (मतगणना हुने स्थान) मा १ जना सम्म वारेस राख्न पाउनेछ ।

**१७. मतदान केन्द्र र मतदानः**

(१) संचालकको निर्वाचनका लागि निर्वाचन अधिकृतले तोकेको स्थानमा मतदान केन्द्र रहनेछ ।

(२) निर्वाचन कार्यक्रममा प्रकाशित निर्वाचन हुने स्थान, मिति र समयभित्र मतदान क्षेत्रमा प्रवेश गरी पंक्तिबद्ध भएका मतदातालाई मतदान गर्न दिईनेछ ।

(३) मतदाता नामावलीमा टाईपको भुलबाट हुन गएका सानातीना गल्तीका कारणवाट कुनै पनि शेयरधनीलाई मताधिकारबाट बंचित गरिने छैन ।

(४) मतदाताको परिचयका विषयमा विवाद परेमा शेयर प्रमाण-पत्र वा BOID No वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहितको कुनै प्रमाण मतदाताले निर्वाचन अधिकृत वा मतदान अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(५) मतपत्र कुनै कारणले बिग्रिएको वा नासिएको आधारमा सट्टा मतपत्र दिईने छैन । तर, मतपत्र लिंदाकै बखत मतपत्रमा निर्वाचन अधिकृतको सहि र बैंकको छाप नपरेको मतदाताले ध्यानाकर्षण गराएमा मतदान अधिकृतले त्यस्तो मतपत्र फिर्ता लिई अर्को रित पुगेको मतपत्र दिनेछ ।

(६) उम्मेदवारले मतदान केन्द्रमा अनुसूची - १० को ढांचामा एक-एक जना प्रतिनिधि मुकर्रर गर्न पाउने छन् ।

१८. <u>मतपत्र</u> :

मतपत्रको ढाँचा अनुसूची ११ बमोजिम हुने छ ।

१९. <u>मतदान</u> :

(१) बैंकको नियमावली(प्रस्तावित संशोधन)को नियम ३१ मा संस्थापक शेयरधनीहरुको समुह 'क' बाट ३ जना संचालकहरु र सर्वसाधारण शेयरधनी समुह 'ख' बाट ३ जना संचालकहरु गरी जम्मा ६ जना संचालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन् आपसी समझदारीबाट मनोनित वा निर्वाचित गर्दा सम्बन्धित समुहका शेयरधनीहरुले मात्र मतदान गर्न पाउनेछन् ।

(२) शेयरधनीको मताधिकार निजले लिएको एक शेयर बरावर एक मत हुने गरी शेयरको संख्या वमोजिम हुनेछ । मतदाताले मतदान गर्न पाउने मतहरु एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई विभाजन हुने गरी मतदान गर्न पाउनेछ ।

(३) मतदाताको नामावली रुजु गरी मतदाताको सही गराई मतदाताले पाउनु पर्ने जति संख्यामा ( निजको नाममा रहेको शेयर संख्या र निजले प्रोक्सी प्राप्त गरेको भए सो वापत पाएको शेयर संख्या समेत) मतपत्र मतदातालाई दिईनेछ ।

(४) एकपटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिईनेछ । मतदान गोप्य गरिनेछ ।

(५) मतदान समयभित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिईनेछ ।

(६) कुनै व्यक्तिले नाम ढांटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले नगद रु. १००/- धरौटी राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ ।

(७) यस्तो विरोध परेमा निर्वाचन अधिकृतले तुरुन्त निर्णय दिनेछ ।

(८) उपदफा (६) बमोजिम परेको विरोध सत्य ठहरे धरौटी रकम फिर्ता गरिनेछ अन्यथा जफत हुनेछ ।

२०. <u>प्रबेश निषेध</u> :

(१) मतदान केन्द्रमा उम्मेदवार, उम्मेदवारको वारेस, निर्वाचन अधिकृतले तोकेको व्यक्ति, कम्पनी सचिव, सुरक्षाकर्मी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश दिईने छैन ।

(२) शारीरिक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२१. <u>मतदान स्थगित गर्ने</u> :

(१) निर्वाचन कार्य प्रारम्भ हुनु अगाबै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(२) काबु बाहिरको परिस्थिती पर्नगई निर्वाचन अधिकृतलाई मतदान स्थगित गराउनु वाञ्छनीय लागेमा निर्धारित मतदान कार्यक्रम स्थगित गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम मतदान कार्यक्रम स्थगन भएकोमा निर्वाचन अधिकृतले मुनासिफ अवधि दिई पुनः मतदान कार्य सम्पन्न गर्नका लागि अर्को कार्यक्रम प्रकाशन गर्नेछ ।

२२. <u>मतपेटिका</u> :

(१) निर्वाचनमा प्रयोग गरिने खालि मतपेटिका उपस्थित उम्मेदवार वा निजको प्रतिनिधीहरुलाई देखाई निजहरुकै रोहवरमा मतपत्र छिराउने प्वाल मात्र खुल्ला राखी बन्द गरी लाहाछाप लगाई मतदान हुने स्थानमा राखिने छ र सोको अनुसूची १२ बमोजिम मुचुल्का गराईनेछ ।

(२) मतदान कार्य सकिएपछि निर्वाचन अधिकृतले मत पेटिकाको मतपत्र छिराउने प्वाल उपस्थित उम्मेदवार वा निजको प्रतिनिधीको सामुन्ने बन्द गरी लाहाछाप लगाई मत गन्ति गर्ने स्थानमा लगिनेछ । तर मतदान गरिएको स्थान र मतगणना गरिने स्थान नजिकै भएमा उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मत गणना स्थलमा लगी यस्तो लाह छाप नलगाई सोझै मत गणना कार्य शुरु गर्न पनि सकिनेछ

(३) मत पेटिका साथ उम्मेदवार वा निजको प्रतिनिधी आउन चाहेमा आउन दिईनेछ ।

२३. <u>मत गणना</u> :

(१) मतपत्र भएको वाकस तोकीएको स्थानमा पुऱ्याएपछि निर्वाचन अधिकृतले अनुसूची - १३ बमोजिम मुचुल्का खडा गरी यथासम्भव छिटो मत गणना शुरु गर्नु पर्छ ।

(२) मत गणना हुने कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको वारेस र सुरक्षाकर्मी बाहेक अन्यलाई प्रवेश दिईने छैन ।

(३) मत गणना सम्बन्धी काममा उठाईएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको सहि हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृतको मात्र सहि भए पनि मान्यता दिईनेछ ।

(४) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाउनुपर्छ ।

(५) प्रत्येक उम्मेदवारले पाएको सदर र वदर मतको गणनाको अभिलेख स्पष्ट हुने तरिकाले अभिलेख गरिने छ ।

(६) मतगणना गर्दा निम्न लिखित मतपत्रहरु बदर हुनेछन् :

(क) निर्वाचन अधिकृतको सही नभएको वा बैंकको छाप नलागेको ।

(ख) मत संकेत नबुझिने गरी च्यातिएको, प्वाल पारेको, केरमेट वा फोहोर मैला भएको ।

(ग) मतदान नगर्ने भनी निर्वाचन अधिकृतलाई फिर्ता दिईएको मतपत्र ।

(घ) मतपत्र जाली भएमा वा मताङ्क स्पष्ट नभएमा ।

(ङ) मतपत्रमा अन्य कुनै संकेत गरिएको भएमा ।

(७) मतपत्र सदर वा बदर गर्ने विषयमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

(८) सामान्यतयाः मतगणना कार्य शुरु गरेपछि समाप्त नभएसम्म जारी राख्नु पर्छ, उक्त कार्यमा बाधा बिरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना कक्षबाट बाहिर निष्काशन गर्न सक्नेछ ।

(९) मतगणनाको काम प्रारम्भ भैसकेपछि मतगणना स्थलमा उम्मेदवार वा निजको वारेश उपस्थित नरहेको कारणले मात्र मतगणना कार्य रोकिने छैन ।

२४. **मत बराबर भएमा गोला हाली निर्णय गर्ने** :

(१) उम्मेदवारहरुले मत बराबर पाई निर्वाचित हुन नसक्ने स्थिति आएमा प्रमुख निर्वाचन अधिकृतले गोलाहाली निणर्य गर्नु पर्छ ।

(२) गोलाबाट निर्वाचित हुने उम्मेदवारलाई बहुमतद्वारा निर्वाचित भएको मानिनेछ ।

२५. **निर्वाचन परिणामको घोषणा** :

(१) यसै निर्देशिकाको बुँदा नं २३ बमोजिम मत गणनाको कार्य सकिए पछि अनुसूची - १४ मा तोकिएको ढाँचामा खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर र बदर मत समेत उल्लेख गरी उम्मेदवार वा निजको वारेसको सही गराई विवरण तयार गरिनेछ । यदि उम्मेदवार वा निजको वारेसको सही हुन नसकेमा निर्वाचन अधिकृतको मात्र सही भए पनि पुग्नेछ र निर्वाचन अधिकृतले अनुसूची - १५ को ढाँचामा विजयी उम्मेदवारको घोषणा गर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारको घोषणा गरे पश्चात निर्वाचित भएको प्रमाण स्वरुप निर्वाचन अधिकृतको हस्ताक्षर भएको अनुसूची -१६ वमोजिमको प्रमाण-पत्र संचालक पदमा निर्वाचित व्यक्तिलाई प्रदान गरिने छ ।

२६. **निर्वाचन सम्बन्धी कागजात सिलबन्दी गर्नेः**

(१) मतदान सकिएपछि बाँकी रहेको मतपत्र तथा प्रयोग भएको मतपत्र, प्रयोग भएको मतदाता नामावली आदि सम्पूर्ण कागजातहरु खाममा बन्द गरी निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा लाहा छाप लगाउनु पर्दछ ।

(२) मतगणना सम्पन्न भएपछि निर्वाचनको शिलशिलामा प्रयोगमा आएको उपदफा (१) बमोजिम लाहाछाप लगाइएका सबै कागजपत्र कम्तीमा ३ महीनासम्म र दावी विरोध परेको अवस्थामा सोको अन्तिम किनारा नलागेसम्म सुरक्षित ढंगले राख्नु पर्छ । सोको जिम्मा कम्पनी सचिवमा रहनेछ ।

२७. **कर्मचारी राख्न सक्ने अधिकार** :

निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गर्न मतदान अधिकृत लगायतका आवश्यक कर्मचारी राख्न सक्नेछ ।

२८. **निर्वाचन अधिकृतको कार्यालय** :

(१) बैंकको केन्द्रिय कार्यालय वा बैकको कार्यालय रहेको वा अन्य पायक पर्ने ठाँउमा निर्वाचन अधिकृतको कार्यालय रहने छ । साधारण सभा सम्पन्न हुने दिनको हकमा साधारण सभाको लागि तोकिएको स्थानमा नै सो कार्यालय रहने छ ।

(२) निर्वाचन अधिकृतबाट प्रमाणित गरी प्रकाशित गरिने कुनै पनि सूचना बैंकको सूचना पाटी वा बैंक हाताभित्र सरोकारवाला सबैले देख्न सक्ने उपयुक्त स्थानमा उपयुक्त व्यवस्था गरी टांस गरिनेछ ।

२९. **निर्देशिकाको व्याख्या गर्ने अधिकार** :

यस निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार समितिलाई हुनेछ ।

३०. **निर्देशिकाको संशोधन** :

यस निर्देशिकालाई संशोधन गर्ने, थपघट गर्ने अधिकार समितिलाई मात्र हुनेछ ।

३१. **निष्कृय हुने** :

यस निर्देशिकामा उल्लेख भएका कुराहरु ऐन, बैंकको प्रबन्धपत्र र नियमावली र अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । यस निर्देशिकामा उल्लेख नभएका कुराहरुको हकमा सोही ऐन तथा बैंकको प्रबन्धपत्र र नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

३२. **निर्वाचन अधिकृतको अधिकार** :

ऐन, बैंकको प्रबन्धपत्र र नियमावली र यस निर्देशिकामा उल्लेख नभएका व्यवस्थाहरुको सम्बन्धमा निर्वाचन प्रयोजनको लागि निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

३३. **सम्पर्क** :

निर्वाचन अधिकृतले समितिसँग सम्पर्क राख्दा कम्पनी सचिव मार्फत राख्नु पर्नेछ ।

***********

अनुसूची- १

**जनता बैंक नेपाल लिमिटेड**

**संचालक निर्वाचन कार्यक्रमको सूचना**

जनता बैंक नेपाल लिमिटेडको संचालक समितिमा संस्थापक समुह “क” र सर्वसाधारण समुह “ख” समुहका शेयरधनीहरुबाट ३/३ जना प्रतिनिधित्व गर्ने संचालक पद संख्या ६ को निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :

| **क.स.** | **कार्यक्रम** | **मिति** | | **समय** | | **स्थान** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | |
| १. | मतदाता नामावली प्रकाशन । | | | | | | |
| २. | मतदाता नामावली उपर दावी उजुरी । | | | | | | |
| ३. | मतदाता नामावलीको जांच र उजुरी उपर निर्णय । | | | | | | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन । | | | | | | |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने । | | | | | | |
| ६. | मनोनयनको पत्र दर्ता भएका उम्मेदवारहरुको सुची प्रकाशित नामावली प्रकाशन गर्ने । | | | | | | |
| ७. | उम्मेदवारको विरोधमा दावी विरोध । | | | | | | |
| ८. | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय । | | | | | | |
| ९. | उम्मेदवारको दोश्रो नामावली प्रकाशित गर्ने । | | | | | | |
| १०. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने । | | | | | | |
| ११. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने । | | | | | | |
| १२. | मतदान गर्ने । | | | | | | |
| १३. | मतगणना गर्ने । | | | | | | |
| १४. | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा गर्ने | | | | | | |

मिति : सही :

समयः

बैंकको छाप निर्वाचन अधिकृत :

अनुसूची - २

**जनता बैंक नेपाल लिमिटेड**

**प्रतिनिधि पत्र (प्रोक्सी फाराम)**

श्री सञ्चालक समिति
जनता बैंक नेपाल लिमिटेड
काठमाडौं ।

विषय : **प्रतिनिधि नियुक्त गरेको बारे ।**

.......................... जिल्ला ...........................................न.पा./गा.पा वडा नं. .........................बस्ने म/हामी .................................................... ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०७४ साल पौष महिना २८ गते शुक्रबारका दिन हुने आठौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्नेभएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ........................जिल्ला ................ न.पा./गा.पा. वडा नं. ................................. बस्ने त्यस कम्पनीका शेयरधनी (समूह “क” को वा समूह “ख”) श्री ................................................शेयर प्रमाणपत्र नं वा BOID NO.....................लाई मेरो /हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु / छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको** :-
हस्ताक्षरको नमूना :
नाम :
शेयर प्रमाणपत्र नम्बर वा BOID NO

मिति :

**निवेदक**

दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नम्बर वा BOID NO
शेयर संख्या :

अनुसूची- ३ परिशिष्ट (क)

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**मतदाता नामावली**

यस जनता बैंक नेपाल लिमिटेडको मिति .........................मा हुने संचालक पदको निर्वाचनमा संस्थापक समूह “क” / सर्वसाधारण समूह “ख” मा देहायको शेयरधनीहरु मतदाता रहेको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो मतदाता नामावली प्रकाशित गरिएको छ ।

| क.सं. | शेयरधनी नं. | शेयरधनीको नाम थर बतन | पिता वा पतिको नाम | जम्मा शेयर कित्ता | मत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मिति :

समय :

बैंकको छाप

सही :

निर्वाचन अधिकृत

अनुसूची- ३ परिशिष्ट (ख)

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**अन्तिम मतदाता नामावली**

यस जनता बैंक नेपाल लिमिटेडको मिति ......................मा हुने संचालक पदको निर्वाचनमा संस्थापक समूह “क”/ सर्वसाधारण समूह “ख” मा देहायको शेयरधनीहरुको नाम तथा विवरण कायम हुन आएकोले यो अन्तिम मतदाता नामावली सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क.सं. | शेयरधनी नं. | शेयरधनीको नाम थर बतन | पिता वा पतिको नाम | जम्मा शेयर कित्ता | मत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मिति :

समय:

बैंकको छाप:

सही :

निर्वाचन अधिकृत :

अनुसूची - ४

**जनता बैंक नेपाल लिमिटेड**

**संचालक निर्वाचनका लागि उम्मेदवारको मनोनयन पत्र**

श्री निर्वाचन अधिकृतज्यू ,

निर्वाचन अधिकृतको कार्यालय

जनता बैंक नेपाल लिमिटेड

महाशय,

त्यस बैंकको .........वार्षिक साधारण सभामा हुने संस्थापक समूह "क" / सर्वसाधारण समूह "ख" को शेयरधनीहरुको प्रतिनिधित्व हुने गरी संचालकको निर्वाचनमा उम्मेदवार हुनको लागि यो मनोनयन पत्र दाखिल गरेको छु। बैंकको प्रवन्धपत्र/ नियमावली वा प्रचलित कानून बमोजिम सञ्चालक हुन म अयोग्य छैन। मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन्।

१. उम्मेदवारको नाम, थर

ठेगाना　　　　उमेर　　　　लिंग

२. पिता/पतिको नाम र थर

३. मतदाता नामावलीमा क्र.सं.

४. शेयर प्रमाणपत्र नं.　　　　दस्तखत .....................

५. शेयरधनी नम्बर वा BOID NO

---

**(प्रस्तावकले भर्ने)**

बैंकका शेयरधनी श्री ........................................................ लाई संसथापक समुह "क"/ सर्वसाधारण समुह "ख" समूहको उम्मेदवारको लागी म प्रस्ताव गर्द

१. नाम, थर　　　　२. पिता/पतिको नाम, थर

३. मतदाता नामावलीमा क्र.सं.　　　　४. शेयर प्रमाणपत्र नं.

५. शेयरधनी नम्बर वा BOID NO :

मिति :　　　　प्रस्तावकको दस्तखतः ...............................

---

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री.......................................ले माथी उल्लेख गरे बमोजिम समुह..........का शेयरधनीहरुको संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनको लागि श्री...................................लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थर　　　　२. पिता/पतिको नाम, थर

३. मतदाता नामावलीमा क्र.सं.　　　　४. शेयर प्रमाणपत्र नं.

५. शेयरधनी नम्बर :

६. BOID NO

मिति :　　　　समर्थकको दस्तखतः ...........................

---

**(निर्वाचन अधिकृतले भर्ने)**

यो मनोनयन पत्र मिति ......................... को दिनको ....... बजे उम्मेदवार/उम्मेदवारको वारेस श्री ............. ............. ................................... ले मेरा समक्ष दाखिल गरेको हो।

मिति :　　　　(निर्वाचन अधिकृत)

बैंकको छाप :

अनसुची- ५

## जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन

## उम्मेदवारको प्रथम नामावली

जनता बैंक नेपाल लिमिटेडको समूह .......... का शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद संख्या ....को लागि उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरु उम्मेदवारी रहने गरी उम्मेदवारको प्रथम नामावली प्रकाशित गरिएको छ।

| क.सं. | उम्मेदवारको नाम, थर र ठेगाना | पिता वा पतिको नाम | उमेर / लिंग | शेयरधनी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मिति :

सहि :

समय :

निर्वाचन अधिकृत :

बैंकको छाप :

अनुसुची ६

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**उम्मेदवारी उपर दावी विरोध**

श्री निर्वाचन अधिकृतज्यू ,
निर्वाचन अधिकृतको कार्यालय
जनता बैंक नेपाल लिमिटेड ।

महोदय,
त्यस बैंकको समूह........का शेयरधनीहरुबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनमा उम्मेदवार हुनको लागि दर्ता नं. .........मा उल्लिखित उम्मेदवार श्री ........................ निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु ।

**उजुरीको कारण**

मिति :	सहि :
समय :	नाम :
ठेगाना :
उम्मेदवार/उम्मेदवारको वारेस/शेयरधनी

---

**(निर्वाचन अधिकृतले भर्ने)**

यो उजुरी मिति................का दिन ........बजे उम्मेदवार/उम्मेदवारको वारेश /शेयरधनी श्री .............. ............. ले मेरा समक्ष दाखिल गरेको हो ।

सहि :
निर्वाचन अधिकृत :

बैंकको छापः

अनुसुची ७

**<u>जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन</u>**

**<u>उम्मेदवारको उजुरी उपर निर्णय</u>**

मिति.............................. मा मतदाता नामावली क्रम संख्या नं. ....... का श्री ............. ............. ............. ले मिति ................. मा प्रकाशित क्रम संख्या नं. .... का उम्मेदवार श्री ............................ उम्मेदवार हुन योग्य नभएको भनी पर्न आएको निवेदन उपर जांचबुझ गर्दा उक्त निवेदनमा उल्लेखित व्यहोरा .......... ............ ................. कारणवाट सत्य भएको / नभएकोले श्री.......................... को नाम उम्मेदवारबाट हटाउने/नहटाउने निर्णय गरियों ।

मिति :

समय :

स्थानः

बैंकको छाप :

सहि :

निर्वाचन अधिकृत :

अनुसूचि ८

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**नाम फिर्ता लिएको सूचना**

श्री निर्वाचन अधिकृतज्यू ,
निर्वाचन अधिकृतको कार्यालय
जनता बैंक नेपाल लिमिटेड

महोदय,
त्यस बैंकको समुह ..... को शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पदको उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिल गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले उम्मेदवारी फिर्ता पाउन यो निवेदन पेश गरेको छु ।

मिति

सहि :
उम्मेदवारको नाम :
ठेगाना :

---

**(निर्वाचन अधिकृतले भर्ने)**

यो सूचना मिति..................... को दिनको.........बजे म समक्ष दाखिल भएको हो ।

सहि :
निर्वाचन अधिकृत :
बैंकको छाप :

अनुसूची ९

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**उम्मेदवारको अन्तिम नामावली**

जनता बैंक नेपाल लिमिटेडको समुह ..... का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पदमा उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी कायम रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ ।

| क्र.सं. | नाम, थर र ठेगाना | पिता वा पतिको नाम | उमेर/ लिंग | शेयरधनी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मिति :

सहि :

समय :

निर्वाचन अधिकृत :

बैंकको छाप :

अनुसुची १०

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**वारेसनामा**

श्री निर्वाचन अधिकृतज्यू ,
निर्वाचन अधिकृतको कार्यालय
जनता बैंक नेपाल लिमिटेड

महोदय,
यस बैंकको समुह.......का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पदको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न/ उम्मेदवारी फिर्ता लिन/ मतदान/ मतगणना प्रतिनिधिको रुपमा श्री..............................लाई वारेश मुकरर गरेको छु। निजले गरेको काममा मेरो मन्जुरी छ।

उम्मेदवारको सहि :
नाम थर :
ठेगाना :

उपरोक्त बमोजिम वारेस वस्न मेरो मन्जुरी छ।
वारेशको सहि :
नाम, थर :
ठेगाना :

---

उपरोक्त वमोजिमको वारेसनामा मेरो समक्ष दाखिल भएको हो।

मिति :

सहि :

समय :

निर्वाचन अधिकृत :

बैंकको छाप :

अनुसुची ११

**<u>जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन</u>**

**<u>मतपत्रको नमूना</u>**

जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन

मतपत्र

मत संख्या : ...... (अंक र अक्षर दुबैमा मत संख्या उल्लेख गरिनेछ )

सहिः

बैंकको छापः निर्वाचन अधिकृत

द्रष्टव्यः (१) मतपत्र बनाउंदा आवश्यकतानुसार विभिन्न दरका मत्रपत्रहरु बनाईने छ र सो दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी छपाई गरिनेछ ।

(२) निर्वाचन अधिकृतको सहिको सट्टा सहि भएको छाप समेत प्रयोग गर्न सकिने छ ।

अनुसुची १२

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**मतदान शुरु गर्नुभन्दा अघि रित्तो मतपेटिका बन्द गरेको मुचुल्का**

जनता बैंक नेपाल लिमिटेडको समूह क वा ख का शेयरधनीहरुको तर्फबाट सञ्चालक पदको निर्वाचनका लागि मतदान गर्ने कार्य आज मिति ......................का दिन.............शुरु हुने भएकोले मतदान कार्यमा प्रयोग गरिने मतपेटिका थान .........हामी तपसिलका व्यक्तिहरुको रोहवरमा रीतपूर्वक बिर्को बन्द गरी मतपत्र खसाल्ने ठाउंमात्र खुला राखी .................. चिन्ह भएको लाहाछाप लगाएको ठीक सांचो हो ।

**तपसिल**

१. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

मिति : सहि :

समय : निर्वाचन अधिकृत :

स्थान :

बैंकको छाप :

<u>अनुसूचि १३</u>

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन**

**मतपेटिका खोल्ने र मतगणना शुरु भएको मुचुल्का**

जनता बैंक नेपाल लिमिटेडको समूह........का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनमा प्रयोग भएका मत पेटिकाहरु प्राप्त भई सकेकाले आज मिति...................का दिनको .........बजे हामी तपसिलका मानिसहरुका रोहवरमा उक्त बन्द मत पेटिका खोली मतगणना शुरु भएको ठिक साचो हो।

**तपसिल**

१. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री
२. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री
३. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री
४. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री
५. उम्मेदवार / उम्मेदवारको प्रतिनिधि श्री

मिति : सहि :

समय : निर्वाचन अधिकृत :

स्थान :

बैंकको छाप :

अनुसूची १४

## जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचन

## मतगणना समाप्त भएको मुचुल्का

जनता बैंक नेपाल लिमिटेडको समुह........का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पदको निर्वाचनको मत गणना मिति....................देखि शुरुभै आज मिति.................दिनको............बजे समाप्त भएको ठिक साचो हो । सो मत गणना भए अनुसार मतदान भएको जम्मा मत..............मध्ये उम्मेदवारहरुले निम्न लिखित बमोजिम सदर मत पाएको ठिक साचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम थर | वतन | प्राप्त सदर मत संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |

१.उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

५. उम्मेदवार/ उम्मेदवारको प्रतिनिधि श्री

मिति :

समय : सहि :

स्थान : निर्वाचन अधिकृत

बैंकको छाप :

अनुसुची १५

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचनमा**

**निर्वाचन परिणामको घोषणा**

जनता बैंक नेपाल लिमिटेडको समूह.........का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद संख्या .....को निर्वाचनमा देहायका उम्मेदवारहरुले देहायको मत प्राप्त गर्नुभएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.सं. | समूह | उम्मेदवारको नाम | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

उपरोक्त परिणाम अनुसार देहायका उम्मेदवारहरुले क्रमशः सबैभन्दा बढी मत प्राप्त गर्नुभई सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

| क्र.सं. | निर्वाचित उम्मेदवारको नाम | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

मिति : सहि :

समय : निर्वाचन अधिकृत :

स्थान :

अनुसुची १६

**जनता बैंक नेपाल लिमिटेडको संचालक निर्वाचनमा**

**निर्वाचित उम्मेदवारलाई दिने प्रमाणपत्र**

Janata Bank Nepal Ltd.
जनता बैंक नेपाल लिमिटेड

# प्रमाण-पत्र

जनता बैंक नेपाल लिमिटेडको मिति २०७४ पौष २८ गते शुक्रबारका दिन सम्पन्न भएको आठौं बार्षिक साधारण सभाबाट बैंकको संचालक समितिको सदस्यमा (संस्थापक शेयरधनीहरुको तर्फबाट / सर्वसाधारण शेयरधनीहरुको तर्फबाट) श्री ....................ज्यू ४ बर्षको लागि निर्बिरोध निर्वाचित / निर्वाचित हुनु भएकोले सफल कार्यकालको शुभकामना सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

.............दस्तखत...............
निर्वाचन अधिकृतको नाम

मिति: २०७४/०९/२८/.  निर्वाचन अधिकृत